" सचेत नागरिक मार्फत दिगो पुर्वाधार स्वच्छ सरसफाई सुशासन सहित समृद्ध नगर निर्माणको आधार "

त्रिपुरासुन्दरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट, डोल्पा

कर्णाली प्रदेश, नेपाल

प.सं.२०८१।०८२

च.नं सूचना

मिति:२०८२।१।१९

**नगरपालिकाको प्रतिक चिन्ह (Logo) डिजाईन गरि पेश गर्ने सम्वन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८२।०१।१९)**

प्रस्तुत विषयमा यस नगरपालिकाको नगरकार्यपालिकाको मिति २०८२।०१।०५ गतेको निर्णय अनुसार " सचेत नागरिक मार्फत दिगो पुर्वाधार ,स्वच्छ ,सरसफाई ,सुशासन सहित समृद नगर निर्माणको आधार " भन्ने मुल नारा सहित ऐतिहासिक ,भौगोलिक, सांस्कृतिक , धार्मिक, सामाजिक , आर्थिक लगायतका विशेषता झल्कने लोगो तयार गरी प्रयोगमा ल्याउने सन्दर्भमा उल्लेखित विशेषता झल्कने सिर्जनात्मक लोगोको डिजाईन तथा लोगोमा रहने सम्पदा अक्षर , अवस्थित रंग लगायतका विषयमा उपयुक्त व्याख्या सहित ईच्छुक डिजाईनर व्यात्ति / संस्थाले लोगोको HD ई - कपि ( ito.tripurasundarimundolpa@gmail) मा ईमेल समेत गर्न सकिने गरि मिति २०८२।०२।०३ गते सम्म कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ।प्राप्त डिजाईनहरुको मुल्याङ्कन गरि उत्कृष्ट डिजाईनलाई नगरपालिकाको लोगोको रुपमा प्रयोग गर्न र उत्कृष्ट डिजाईनलाई पुरस्कार रु २५,०००।(अक्षरुपी रु पच्चिस हजार मात्र) सहित सम्मान गरिने पनि जानकारी गरिन्छ।अन्य थप जानकारीको लागी त्रिपुरासुन्दरी नगरपालिकाको website www.tripurasundarimundolpa.gov.np हेर्नुहुन तथा ९८५८३६६८२९ सम्पर्क गर्नहुन समेत अनुरोध गरिन्छ ।

**वोधार्थ**

श्री सूचना प्रविधि शाखा Website मा राखिदिनुहुन ।

भिम बहादुर थापा

नि. प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर थापा

नि.प्रमुख प्रशासकीय अधिकृत

" सचेत नागरिक मार्फत दिगो पूर्वाधार, स्वच्छ सरसफाई, सुशासन सहित समृद्ध नगर निर्माणको आधार "

स्थानीय सरकार

त्रिपुरासुन्दरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट बगर, डोल्पा

कर्णाली प्रदेश, नेपाल

www.tripurasundarimundolpa.gov.np
info@tripurasundarimundolpa.gov.np
ito.tripurasundarimundolpa@gmail

पत्र संख्याः २०८१।०८२ चलानी नं. मितिः २०८२।०१।१९

ने.सं.११४५ बछलाथ्व ५ शुक्रवार

**शर्तहरु**

- ✓ त्रिपुरासुन्दरी नगरपालिकाको समग्र भौगोलिक अवस्थिति, आर्थिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक, शैक्षिक पक्ष झल्किने हुनु पर्नेछ।
- ✓ धार्मिक, जातीय, साम्प्रदायिक द्वन्द्व निम्त्याउने तथा नेपालको संविधान, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल असर पर्ने संकेत प्रयोग गर्न पाईने छैन।
- ✓ प्रतिक चिन्ह स्थानीय पहिचानका सबै पक्षलाई सम्मान गर्ने, सरल, सबै पक्षलाई समेटिएको अपनत्व संकेत गर्ने र बहु रङमा छपाई गरि प्रयोगमा ल्याउन सकिने हुनु पर्नेछ।
- ✓ प्रतिक चिन्हमा बनाइएको सबै संकेत र पक्षको व्याख्या समेत Pdf file समावेश गर्नुपर्नेछ।
- ✓ मूल्याङ्कन तथा छनौट समिति बाट छनौट भएको लोगोलाई कार्यपालिका बैठकमा स्वीकृतिको लागि पेश गरिनेछ। नगर कार्यपालिका बाट स्वीकृत प्रतिक चिन्हलाई नगर पुरुस्कार रु.२५,००० (पच्चिस हजार मात्र) र प्रमाण पत्र प्रदान गरिने छ। उक्त पुरुस्कारमा नियमानुसार कर कट्टि गरिनेछ।
- ✓ प्रतिक चिन्ह मौलिक हुनुपर्नेछ अन्यत्रबाट नक्कल गर्न पाइने छैन।
- ✓ छनौट समितिले प्राप्त भएका कुनै प्रतिक चिन्हमा आवश्यक परिमार्जन गर्न आग्रह गरेमा सो अनुसार गरिदिनु पर्नेछ ।
- ✓ प्रतिक चिन्ह (logo) छनौट गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ।
- ✓ थप जानकारीको लागि कार्यालयको सूचना अधिकारीको सम्पर्क नंम्बर ९८५८३६६२०८ मा सम्पर्क गर्न सकिनेछ।
- ✓ प्रतिक चिन्ह कम्तिमा DPI Resolution ३०० भएको jpg format र Pdf मा हुनुपर्नेछ।
- ✓ प्रतिक चिन्ह आफैं उपस्थित भई वा यस कार्यालयको इमेल ठेगाना ito.tripurasundarimundolpa@gmail.com मा पठाउन सकिनेछ।

भिम बहादुर थापा

नि. प्रमुख प्रशासकीय अधिकृत